# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

डोटी

पत्र संख्या: २०७४/ ०७५
च.नं.

७ नं प्रदेश, नेपाल

## सेवा करार सम्बन्धि सूचना

**प्रकाशित मिति: २०७४/०९/१८**

यस गाउँ कार्यपालिका र अन्तर्गतका वडा कार्यालयहरुको लागि तपसिल बमोजिमका कर्मचारीहरु सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्तावपत्र आह्वान गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | पद,तह | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| ७/०७४/७५ | सव इन्जिनियर, सिभिल, पाँचौ तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग बिषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह उतिर्ण | रु.६०० | सायल गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडामा कार्यालय प्रमुखले खटाएबमोजिम |
| ८/०७४/७५ | कम्प्यूटर अपरेटर,पाँचौं | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्प्युटर बिषयमा प्रविणता प्रमाणपत्र तह उतिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्यूटर तालिम प्राप्त | रु.६०० | सायल गाउँ कार्यपालिकाको कार्यालय, डोटी । |

**दरखास्त दिने स्थान**: सायल गाउँ कार्यपालिकाको कार्यालय,डोटी ।
**दरखास्त दिने अन्तिम मिति** : २०७४ माघ २ गते कार्यालय समय भित्र ।
**पेश गर्नुपर्न कागजातहरु**:

- ✓ उम्मेदवारको व्यक्तिगत विवरण
- ✓ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी ।
- ✓ निवेदन सहित तोकिएको ढाँचाको प्रस्तावपत्र ।
- ✓ नेपाल बाहिर अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र ।
- ✓ सायल गाउँकार्यपालिकाको राष्ट्रिय बाणिज्य बैंक डोटीमा रहेको संचिय कोष खाता नं. ४१००३०४०१८१०४ मा आवेदन दस्तुर जम्मा गरेको सक्कल बैंक भौचर वा नगदी आम्दानी भौचर ।

उमेरको हद: १८ बर्ष पुगी ५० बर्ष ननाघेको
सम्पर्क मिति: २०७४ माघ ३ गते बिहान १०:०० बजे ।(सक्कलै प्रमाणपत्र लिइ उपस्थित हुनुपर्नेछ )
छनौट विधि: प्रस्तावपत्र र योग्यता सम्बन्धि कागजातहरुको मूल्यांकनद्वारा । (आवश्यकता हेरी प्रयोगात्मक र अन्तर्वार्तासमेत)
सेवा सर्त: स्थायी कर्मचारी खटिइ आएमा वा अर्को निर्णय भएमा सेवा करार सम्झौता स्वत: रद्द हुनेछ ।

पुनश्च : स्थानिय, महिला, दलित र अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

.......
लाल बहादुर बोगटी
नि. प्रमुख प्रशासकिय अधिकृत
सायल गाउँकार्यपालिकाको कार्यालय,डोटी

Website:sayalmun.gov.np Email: sayal.doti@gmail.com,
फोन: ९८५८४४४६६६(अध्यक्ष) , ९८५८४४४६६७(उपाध्यक्ष), ९८५८४४४३३३(प्रमुख प्रशासकिय अधिकृत),९८५८४४४५५५(लेखा)